सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(योजना तथा अनुगमन शाखा)
तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

प.सं.: ०८२/०८३
मिति: २०८२/०८/०१
च.नं. ६३४

विषय:- सामाजिक उत्तरदायित्व (CSR) को रकम बारे वृहत छलफलमा उपस्थित भईदिने सम्बन्धमा।

श्री सरोकारवाला (सबै),
सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।

प्रस्तुत विषयमा यस गाउँपालिका ५ नं. वडामा सञ्चालन भएको श्री काबेली हाईड्रोपावर कम्पनी लिमिटेड, काठमाण्डौंले सिरीजङ्घा-५, पेदाङ, ताप्लेजुङमा २१.९२ मेगावाट विद्युत उत्पादन गर्नको लागि कम्पनीले सामाजिक उत्तरदायित्व रकम खर्च गरेको सवालमा व्यापक जनगुनासो आएकोमा आम स्थानीय जनसमुदायहरुको भेला बोलाई सार्वजनिक सुनुवाई गर्न वडा कार्यालयलाई यस अघि नै पत्राचार गरिएको व्यहोरा अवगत नै छ। उक्त कम्पनीले आयोजना निर्माणको क्रममा निश्चित प्रतिशतको रुपमा लाभान्वित क्षेत्रको लागि उपलब्ध गरेको सामाजिक उत्तरदायित्वको रकम हिनामिना भएको सम्बन्धमा विभिन्न निकायहरुमा उजूरी परेको र सो को सम्बन्धमा ति निकायहरुले गाउँपालिकाबाट आवश्यक छलफल, सत्य, तथ्य विवरण संकलन गरि पठाउन माग भएको हुँदा के कसो भएको हो? के के गर्नुपर्ने हो? कुन कुन क्षेत्रमा लगानी भएको हो? प्रभावित क्षेत्रमा लगानी भएको/नभएको? प्रभावित क्षेत्रका आम समुदायको सो सम्बन्धमा के कस्तो धारणा छ? भनि विस्तृत छलफल गरि निकास दिनुपर्ने भएको हुँदा तपाई लगायत सम्बद्द सरोकारवाला प्रतिनिधिहरु समेत उक्त छलफल कार्यक्रममा सहभागी हुने व्यवस्था मिलाई दिनुहुन मितिः २०८२/०८/०१ गतेको अध्यक्षस्तरीय निर्णयानुसार अनुरोध छ।

**निम्नः**

**विषयः सामाजिक उत्तरदायित्वको (CSR) रकम सम्बन्धमा।**
**स्थानः सिरीजङ्घा गाउँपालिकाको सभाहल, तेल्लोक, ताप्लेजुङ।**
**मितिः २०८२/०८/०३ गते बुधबार**
**समयः ठिक ११.०० बजे**

..............................
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत